विज्ञान प्रविधि तथा नवप्रवर्तन प्रवर्द्धन सम्बन्धी सम्मेलन, प्रदर्शनी, Startup Hackathon

लगायतका अनुदान कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८३ संशोधन सम्बन्धी तीन महले

सि.नं.	संशोधनको लागि प्रस्तावित दफा	हालको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्न पर्नाको कारण
१	दफा ६ मा संशोधन	१. नयाँ उपदफा थप गरिएको।	१.उपदफा (१) पछि देहायको उपदफा (१क) थप गरिएकोछः (१क) उपदफा (१) बमोजिमको सूचना प्रकाशन गर्दा सबै प्रदेशबाट आवश्यक मात्रामा निवेदन नपरेमा मन्त्रालयले ७ दिनको सूचना दिई पुनः निवेदन माग गर्न सक्नेछ।	१. केहि प्रदेशहरुमा कार्यक्रम गर्नका लागि निवेदन नै नपरेको र केहि प्रदेशमा यथोचित संख्यामा निवेदन पेश हुन नआएकोले।
		२. उपदफा (३): पहिलो चरणमा प्रदेशस्तरको स्टार्टअप ह्याकाथोन कार्यक्रमका लागि सूचना प्रकाशन गरिनेछ।	२. उपदफा (३) मा संसोधनः उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएकोछ। (३) प्रदेशस्तर र राष्ट्रियस्तरको स्टार्टअप ह्याकाथोन कार्यक्रमका लागि सूचना प्रकाशन गरिनेछ।	२. एकै पटक सूचना प्रकाशन गरी आयोजक छनोट गर्दा छनोट प्रक्रियामा लाग्ने समय बचत हुने सोचका साथ कार्यक्रमको सूचना प्रकाश भैसकेको र दफा १५ को कार्यक्रम सञ्चालन प्रक्रियामा समेत एकरुपता कायम गर्नुपर्ने भएकोले।

		३. उपदफा (४): उपदफा (३) बमोजिमको कार्यक्रम सम्पन्न भए पश्चात् राष्ट्रियस्तरको स्टार्टअप ह्याकाथोन कार्यक्रमका लागि सूचना प्रकाशन गरिनेछ।	३. उपदफा (४) झिकिएको छ।	३. उपदफा (३) मा भएको संशोधनमा मिलाइएको ।
२	दफा १२ मा संशोधन	१. नयाँ खण्ड (घ) थपिएको।	दफा १२ को उपदफा (१) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएकोछ। (घ) छनोट समितिले यो कार्यविधि लागू हुनुभन्दा पहिले दफा ६ को उपदफा (१) बमोजिम पेश हुन	१. राष्ट्रियस्तरको कार्यक्रमको विषयका सम्बन्धमा स्पष्टता आवश्यक देखिएकोले।

			आएका निवेदनहरु र दफा ६ को उपदफा (२क) बमोजिम पेश हुन आएका निवेदनलाई एकैसाथ छनोट प्रक्रियामा समावेश गरी छनोट गर्नुपर्नेछ।	
३	दफा १५ मा संशोधन	दफा १५ को उपदफा (८): उपदफा (५) बमोजिम प्रत्येक प्रदेशका प्रत्येक विषयगत क्षेत्रबाट छनौट भएका बढीमा उत्कृष्ट तीन समूहका हिसाबले हुन आउने बढीमा जम्मा बयालीस उत्कृष्ट सहभागी समूह राष्ट्रियस्तरको स्टार्टअप ह्याकाथोन कार्यक्रममा सहभागी हुनेछन्।	दफा १५ को उपदफा (८) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गरिएकोछ। "तर, यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा उल्लेख भएतापनि दफा ६ को उपदफा (२क) बमोजिम पुनः निवेदन माग गर्दा समेत आवश्यक निवेदन पेश हुन नआएमा वा कार्यक्रम छनोट हुन नसकेमा सो पश्चात् पेश हुन आएका निवेदनहरुको मूल्यांकनबाट छनोट हुने उत्कृष्ट समूहहरुको सहभागितामा राष्ट्रियस्तरको स्टार्टअप ह्याकाथोन कार्यक्रम सञ्चालन गर्न सकिनेछ"।	१. धेरै प्रदेशबाट सहभागी छनोट हुँदा समेत कुनै एक प्रदेश वा एक ओटा कार्यक्रम नभएकै कारणले राष्ट्रियस्तरको कार्यक्रम सञ्चालनमा अवरोध आउन सक्ने देखिएको।

विज्ञान प्रविधि तथा नवप्रवर्तन प्रवर्द्धन सम्बन्धी सम्मेलन, प्रदर्शनी, Startup Hackathon लगायतका अनुदान कार्यक्रम सञ्चालन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८३

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः यस कार्यविधिको नाम "विज्ञान प्रविधि तथा नवप्रवर्तन प्रवर्द्धन सम्बन्धी सम्मेलन, प्रदर्शनी, Startup Hackathon लगायतका अनुदान कार्यक्रम सञ्चालन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. "विज्ञान प्रविधि तथा नवप्रवर्तन प्रवर्द्धन सम्बन्धी सम्मेलन, प्रदर्शनी, Startup Hackathon लगायतका अनुदान कार्यक्रम सञ्चालन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८३" *(यसपछि मूल कार्यविधि भनिएको)* को दफा ६ मा संशोधनः

(क) उपदफा १ पछि देहायको उपदफा (१क) थप गरिएको छ।

"(१क) उपदफा (१) बमोजिमको सूचना प्रकाशन गर्दा सबै प्रदेशबाट आवश्यक मात्रामा निवेदन नपरेमा मन्त्रालयले ७ दिनको सूचना दिई पुनः निवेदन माग गर्न सक्नेछ।"

(ख) उपदफा (३) मा संशोधनः उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ।

"(३) प्रदेशस्तर र राष्ट्रियस्तरको स्टार्टअप ह्याकाथोन कार्यक्रमका लागि सूचना प्रकाशन गरिनेछ।"

(ग) उपदफा (४) झिकिएको छ।

३. मूल कार्यविधिको दफा १२ मा संशोधनः मूल कार्यविधिको दफा १२ को उपदफा (१) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएकोछ।

"(घ) छनोट समितिले यो कार्यविधि लागू हुनुभन्दा पहिले दफा ६ को उपदफा (१) बमोजिम पेश हुन आएका निवेदनहरु र दफा ६ को उपदफा (२क) बमोजिम पेश हुन आएका निवेदनलाई एकैसाथ छनोट प्रक्रियामा समावेश गरी छनोट गर्नुपर्नेछ।"

<u>४. मूल कार्यविधिको दफा १५ मा संशोधनः</u> मुल कार्यविधिको दफा १५ को उपदफा (८) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गरिएकोछ।

"तर, यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा उल्लेख भएतापनि दफा ६ को उपदफा (२क) बमोजिम पुनः निवेदन माग गर्दा समेत आवश्यक निवेदन पेश हुन नआएमा वा कार्यक्रम छनोट हुन नसकेमा सो पश्चात् पेश हुन आएका निवेदनहरुको मूल्यांकनबाट छनोट हुने उत्कृष्ट समूहहरुको सहभागितामा राष्ट्रियस्तरको स्टार्टअप ह्याकाथोन कार्यक्रम सञ्चालन गर्न सकिनेछ"।